ओहायो | स्वास्थ्य विभाग

**Lance D. Himes,** अन्तरिम निर्देशक

**Mike DeWlne,** गभर्नर
**Jon Husted,** लेफ्टिनेन्ट गभर्नर

# निर्देशकको आदेश

**विषय** **ओहायो राज्यभरि खुद्रा र व्यवसायका लागि फेसियल कभरिङहरूकोअनुपालनासम्बन्धी निर्देशकको आदेश**

म, ओहायो स्वास्थ्य विभाग (ODH) को अन्तरिम निर्देशक Lance D. Himes संक्रामक रोगहरूलाई फैलनबाट रोक्न विशेष आदेशहरू दिनका लागि R.C. 3701.13 " मा मलाई प्रदान गरिएको अधिकार बमोजिम...ओहायो राज्यमा COVID-19 लाई फैलनबाट रोक्नका लागि निम्न कुराहरूको "**आदेश** दिन्छु:

**प्रस्तावना:** ओहायोमा COVID-19 को फैलावटको गति बढिरहेको हुँदा, ओहायोले अन्य राष्ट्रहरू र अमेरिकाका धेरै शहर तथा राज्यहरूमा लागू भएका मुख्य कामबन्दी तथा सीमितताहरूको जोखिम कम गर्नुछ भने बलियो प्रतिकार्य आवश्यक पर्छ। ओहायोका हरेक काउण्टी हाल "उच्च जोखिम" काउण्टी बनेको छ जसले ओहायो राज्यले COVID **- को समान उच्च संसर्ग र फैलावट अनुभव गरिरहेको देखाउँछ।**
19. हरेक ओहायोवासीसँग आफू प्रवेश गर्ने पसल तथा व्यवसायहरू सम्भावित रूपमा सुरक्षित छन् र राज्यले ओहायोको आर्थिक कार्यात्मकतालाई जारी राख्नका लागि आवश्यक कदमहरू चालिरहेको छ भनी थाहा पाउने अधिकार हुन्छ। यसकारण, तत्काले कार्य गर्न आवश्यक छ।

1. **अनुपालना सम्बन्धी आवश्यकता:** ओहायोमा COVID-19 को बढ्दो फैलावटलाई कम गर्नका लागि, म यसैद्वारा अनुच्छेद 14 मा पहिचान गरिएका आदेशहरूको अधीनमा रहेका बाहेक सर्वसाधारणलाई प्रत्यक्ष रूपमा वस्तु वा सामानहरू प्रदान गर्ने ओहायोका खुद्रा व्यापार वा अन्य उद्यम (सामूहिक रूपमा, "खुद्रा व्यापारीहरू" भनिने) लाई यो आदेश साथसाथै अन्य सबै प्रचलित ODH आदेशहरूको अनुपालनामा बाहेक अन्य अवस्थामा व्यवसाय वा सञ्चालनका लागि खुला नराख्ने आदेश दिन्छु।

2. **फेसियल कभरिङ (मास्क) सम्बन्धी आवश्यकता:** सबै व्यक्तिहरूलाई यस आदेशको अनुपालनमा खुद्रा व्यापारी ("खुद्रा व्यापारका परिसरहरू") मा हुँदा हरसमय फेसियल कभरिङ (मास्क) लगाउन आवश्यक हुन्छ। ओहायो राज्यभरि परिमार्जित गर्न सकिने हुँदा जुलाई 23, 2020 मा हस्ताक्षर गरिएकोफेसियल कभरिङसम्बन्धी निर्देशकको आदेशका अनिवार्य फेसियल कभरिङ (मास्क) सम्बन्धी आवश्यकताहरू यस आदेशमा व्यवस्था गरिएका थप परिष्कृत सुरक्षाहरूको अनुपालना गर्न आवश्यक हुने खुद्रा व्यापार परिसरमा व्यक्ति हुँदा बाहेक अन्य अवस्थामा प्रभावकारी हुन जारी रहन्छ। कर्मचारीहरूलाई खुद्रा व्यापार क्षेत्रमा लागू हुने पूर्व क्षेत्रका आदेशहरूद्वारा समेटिएका छन्। यो आदेश 10 वर्षभन्दा कम उमेरका बालबालिकामा लागू हुँदैन।

3. **सूचना पोस्ट गर्नेसम्बन्धी आवश्यकता:** सबै खुद्रा व्यापारीहरूले आ-आफ्नो खुद्रा व्यापार परिसरको सबै प्रवेशद्वारहरूमा प्रविष्ट गर्ने सबै मानिसहरूले यस आदेश अनुरूप फेसियल कभरिङ लगाउन आवश्यक ब्नाउँदै स्पष्ट रूपमा देखिनेगरी चेतावनी संकेत वा चिन्हलाई टाँस्नेछन्। यो पाठले सबै व्यक्तिहरूलाई खुद्रा व्यापार परिसरमा हुँदा हरसमय फेसियल कभरिङलाई लगाउन अनिवार्य हुन्छ भनेर उल्लेख गर्नेछ। यस्ता चेतावनी संकेत डाउनलोड गर्नका लागि https://coronavirus.ohio.gov /wps/po rtal/gov/covid-19/responsible- restart-ohio /Posters- and-Signs/ मा उपलब्ध छ। चेतावनी संकेत प्रिन्ट गर्न सहायता आवश्यक पर्ने कुनै पनि व्यवसायले ओहायो स्वास्थ्य विभागको कल सेन्टरलाई 1-833-4 -ASK-ODH (1-833-427-5634) मा सम्पर्क गर्नुपर्छ।

4. **जिम्मेवारी: खुद्रा** व्यापारीहरूले सनै स्थानहरूमा यो आदेशको अनुपालनालाई सुनिश्चित गर्नेछन्। कुनै पनि खुद्रा व्यापार परिसरमा प्रविष्ट गर्ने व्यक्तिहरूले यो आदेशका प्रावधानहरू र अनुच्छेद 3 बमोजिम टाँसिएको सूचनालाई अनुपालना गर्नेछन्॥ खुद्रा व्यापारीका कर्मचारीहरूले यो आदेश लागू गर्न खोज्दा आफूलाई खतरा वा जोखिममा पार्न वा आफूलाई हानी पुऱ्याउनेगरी राख्न जरुरी छैन।

5. **फेसियल कभरिङको परिभाषा:** फेसियल कभरिङ (मास्क) कपडाको सामग्री वा समान प्रकारको सामग्रीले बनाइन्छ र यसले व्यक्तिकोनाक, मुख र चिउँडोलाई पूर्ण रूपमा ढाक्छ। फेस कभरिङ आरामदायक हुनुपर्छ, जसकारण लगाउने व्यक्तिले नाकबाट सहज रूपमा श्वासप्रश्वास गर्न सक्नुहुन्छ र अनुहारलाई छुनबाट बच्नका लागि त्यसलाई पटक-पटक मिलाउनुपर्दैन।

6. **शारीरिक दूरी र स्वच्छता:** सबै खुद्रा व्यापारीहरूले सबै प्रवेशद्वारहरूमा मई 29, 2020 मा व्यवसाय मार्गदर्शन र सामाजिक दूरीको सम्बन्धमा निर्देशकको अद्यावधिक र संशोधित आदेश बमोजिम निर्धारित गरिएको अधिकतम क्षमताको सीमा टाँस्नेछन् र त्यसलाई लागू गर्नेछन्; सबैतिर मानिसहरूका बीचमा न्यूनतम छ फिटको शारीरिक दूरी कायम राख्न सकिन्छ भनी सुनिश्चित गर्नका लागि आ-आफ्नो खुद्रा व्यापार परिसरमा मानिसहरूको सङ्ख्या सीमित गर्नेछन् र फरक-फरक समयमा प्रवेश गराउनेछन्; सबै चेक-आउट लाइनहरूमा 6' छुट्टा-छुट्टै घेराको चिन्ह लगाउनेछन् र उपयुक्त सामाजिक दूरी प्राप्त गर्न आवश्यक भएमा पसलका सबै आइलहरूलाई एउटै दिशातर्फ फर्कनेगरी व्यवस्था मिलाउनेछन्। खुद्रा व्यापारीहरूले उच्च सम्पर्क स्थानहरूमा ह्याण्ड सेनिटाइजरहरू पनि राख्नेछन्; कर्मचारीहरूलाई नियमित रूपमा हात धुन आवश्यक गराउनेछन्; कर्मचारीहरूलाई लक्षण देखिएको अवस्थामा घरमै बस्न आवश्यक गराउनेछन् र प्रत्येक पटक प्रयोग गरेपछि धेरैजसो छोइने वस्तुहरू (उदाहरणका लागि, कार्ट, बास्केट र अन्य उपकरणहरू) लाई कीटाणुरहित बनाउनेछन्।

7. **मनासिब सुविधा:** प्रत्येक खुद्रा व्यापारीले खुद्रा व्यापार परिसरमा मास्क लगाउन असमर्थ हुने कुनै पनि व्यक्तिलाई (a) अनलाइन वा टेलिफोन अर्डर र कर्बसाइड, गैर-सम्पर्क पिकअप वा डेलिभरी विकल्प उपलब्ध गराएर र/वा (b) व्यक्तिलाई चिउँडोसम्म हुने खालको फुल फेस शिल्ड लगाउन अनुमति दिएर मनासिब सुविधा उपलब्ध गराउनुपर्छ। यो आदेश चिकित्सकीय वा विकाससम्बन्धी कारणहरूले गर्दा मास्क लगाउन असमर्थ हुने मानिसहरूमा लागू हुँदैन। अनुच्छेद 3 मा, आवश्यक गराइएका कुराहरूका अतिरिक्त यस्ता सुविधाहरूका विवरणहरू उपलब्ध गराउने सूचना प्रत्येक खुद्रा व्यापार परिसरको प्रत्येक प्रवेशद्वारमा टाँसिनेछ। यस्ता चेतावनी संकेत डाउनलोड गर्नका लागि https://coronavirus.ohio.gov/wps/portal/gov/covid-19/responsi ble-restart-ohio/Posters-and-Signs/ मा उपलब्ध छ। खुद्रा व्यापारीले यस्ता सुविधाहरूलाई आफ्नो वेबसाइट भएको खण्डमा त्यसमा पनि पोस्ट गर्नेछन्। खुद्रा व्यापारीका ग्राहकहरूलाई अनलाइन वा टेलिफोन अर्डर र कर्बसाइड, गैर-सम्पर्क पिकअप वा डेलिभरी विकल्पहरू प्रयोग गर्न आग्रह गरिन्छ।

8. **निर्दिष्ट अनुपालन अधिकारी।** प्रत्येक व्यवसायमा सबै व्यवसायिक समयको दौरान प्रत्येक व्यवसायिक स्थान र प्रत्येक शिफ्टका लागि यो आदेशको अनुपालना सुनिश्चित गर्ने जिम्मेवारी भएका अनसाइट अनुपालना अधिकारी निर्दिष्ट गरिनेछ। सो निर्दिष्ट व्यक्ति स्थानीय स्वास्थ्य विभाग र क्षेत्राधिकार भएको कानून प्रवर्तन निकायको लागि सम्पर्क व्यक्ति पनि हुनेछन्।

9. **उल्लङ्घनपछि स्वास्थ्य उपचार।** ODH, स्थानीय स्वास्थ्य विभाग वा डिस्ट्रिक्ट वा कानून प्रवर्तनको प्रतिनिधिद्वारा यस आदेशको उल्लङ्घनसम्बन्धी सूचना जारी भएपछि व्यवसाय परिसरहरू COVID-19 को हावाबाट सर्ने छिटाहरू हराउन दिनका लागि उल्लङ्घन सूचनामा निर्धारित गरिए अनुसार चौबीस घण्टासम्म सर्वसाधारणका लागि तुरुन्तै बन्द हुनेछन्। प्रतिनिधिले बन्द गर्न आवश्यक बनाउने उल्लङ्घनको सूचना जारी गर्नुअघि व्यवसाय परिसरहरूलाई प्रारम्भिक चेतावनी जारी गर्नुहुनेछ।

**10. सहकार्य ।** सबै व्यवसायहरूले सबै व्यवसायिक समयको दौरान ODH, स्थानीय स्वास्थ्य विभाग वा डिस्ट्रिक्टहरू र कानून प्रवर्तनका प्रतिनिधिहरूद्वारा आफ्ना परिसरहरूको सार्वजनिक क्षेत्रहरूमा पहुँच बनाउन र निरीक्षणका लागि अनुमति दिनेछन्; यस आदेशको अनुपालनासँग सम्बन्धित अनुरोध गरिएको कुनै पनि जानकारी उपलब्ध गराउनेछन्; र अनुपालनाको कुनै पनि निरीक्षण वा अनुसन्धानमा पूर्ण रूपमा सहकार्य गर्नेछन् ।

**11. गैर-अनुपालनाको निगरानी ।** यस आदेशका उल्लङ्घनहरू देख्ने नागरिकहरूले ओहायो स्वास्थ्य विभागको कल सेन्टरलाई 1-833-4-ASK-ODH (1-833-427-5634) मा जानकारी दिनुपर्छ । स्थानीय स्वास्थ्य विभागहरूले आवश्यकता भएमा ODH कल सेन्टरमा ODH को सहायताका लागि अनुरोध गर्न पनि सक्छन् ।

**12. प्रवर्तन अधिकारहरू भएका राज्यका कर्मचारीहरूलाई अधिकार-प्रदान: BWC स्वास्थ्य तथा सुरक्षा निरीक्षकहरूको नियुक्ति ।** R.C. 3701.28 बमोजिम, विशेषगरी ओहायो ब्यूरोका कामदारहरूको क्षतिपूर्ति खुद्रा व्यापार एकाइ कर्मचारीहरू लगायत प्रवर्तन अधिकारहरू भएका ओहायो राज्यका कर्मचारीहरू, स्थानीय स्वास्थ्य विभाग वा डिस्ट्रिक्ट र स्थानीय कानुन प्रवर्तनका अधिकारीहरूलाई यसैद्वारा ODH का प्रतिनिधिहरूको रूपमा निरीक्षण गर्न र यो आदेशलाई लागू गर्न अधिकार-प्रदान गरिन्छ ।

**13. यो आदेशको अधीनमा नरहेकाव्यवसायहरू:** यो आदेश यहाँ यसपछि संशोधित गर्न सकिने हुँदा निम्न मध्ये प्रत्येक ODH आदेशहरू अन्तर्गतका व्यवसायहरूमा लागू हुँदैन:

**a.** सेप्टेम्बर 23, 2020 मा हस्ताक्षर गरिएको अपवादहरूका साथ रेस्टुरेन्ट, बार, बैंक्वेट र क्याटरिङ सुविधा तथा खानपान सेवाहरू पुन: खोल्ने निर्देशकको तेस्रो संशोधित आदेश;

**b.** हेयर सलुन, डे स्पा, नेल सलुन, हजाम पसल, ट्याटु पार्लर, शरीर छेड्ने स्थान र टेनिङ फसिलिटीहरू पुन: खोल्ने अक्टोबर 9, 2020 मा हस्ताक्षर गरिएको निर्देशकको संशोधित आदेश; र,

**c.** जिम, नृत्य शिक्षण स्टूडियो र अन्य व्यक्तिगत फिटनेस स्थानहरू पुन: खोल्ने मई 22, 2020 मा हस्ताक्षर गरिएको निर्देशकको आदेश ।

**14. ODH का अन्य आदेशहरू:** अगाडिको अनुच्छेदमा सूचीबद्ध गरिएका बाहेक ODH द्वारा जारी गरिएका अन्य आदेशहरू अनुसार यो आदेशले यसका प्रावधानहरू अनुरूप नरहने पहिले नै जारी गरिएका आदेशहरूको कुनै पनि प्रावधानलाई हटाएर त्यसको स्थान लिन्छ ।

**15. विविध ।** यो आदेशको कुनै पनि हिस्सले ओहायोको संविधान अन्तर्गतका शक्तिहरूको बाँडफाँडमा हस्तक्षेप गर्ने उद्देश्य राख्दैन । यो आदेश जेल वा कारागारहरूमा लागू हुँदैन । यो आदेशले यसभन्दा थप प्रतिबन्धनात्मक प्रकृतिको स्थानीय क्षेत्राधिकारको कुनै पनि आदेश वा कानूनलाई प्रतिस्थापन गर्ने वा त्यसलाई हटाएर त्यसको स्थान लिने उद्देश्य राख्दैन ।

यसैगरी, म यसैद्वारासबै मानिसहरूलाई यो आदेशमा व्यवस्था गरिए अनुसार ओहायो राज्यका खुद्रा व्यापारी परिसरहरूमा हुँदा फेसियल कभरिङहरू लगाउन **आदेश दिन्छु** । यो आदेश नोभेम्बर 16, 2020 मा राति 12:01 बजेदेखि लागू हुनेछ प्रभावकारी रहनेछ र गभर्नरको कार्यकारी आदेशमा घोषणा गरिएको आपतकालीन स्थितिको म्याद समाप्त नहुँदासम्म वा ओहायो स्वास्थ्य विभागको निर्देशकले यो आदेशलाई रद्द वा परिमार्जन नगर्दासम्म पूर्ण रूपमा लागू र प्रभावकारी रहनेछ । यो आदेश कार्यान्वयन गर्ने कुनै पनि सरकारी अधिकारीसँग यो आदेश प्रभावकारी रहनेसम्बन्धी प्रश्नहरू हुने हदसम्म,

स्वास्थ्य निर्देशकले यसैद्वारा स्थानीय स्वास्थ्य विभागहरूलाई लिखितमा र यो आदेश अनुरूप हुनेगरी प्रश्नहरूको जवाफ दिने अधिकार प्रत्यायोजन  गर्नुहुन्छ।

नोभेम्बर 13, 2020

Lance D. Himes
स्वास्थ्यका अन्तरिम निर्देशक